

# मुक्तिनाथ दर्पण

## अर्धवार्षिक बुलेटिन

२०८१ जेष्ठ । वर्ष १३ अंक १



## यो अंकमा...


- फोटोमा मुक्तिनाथ ...............................................१
- हरित लगानी ........................................................२
- हाम्रो अभियानहरु ..................................................५
- नारी शक्ति ............................................................६
- Explore with Muktinath Family.................७
- बैंक १८ औं वर्षमा प्रवेश ..................................९
- नेपाल क्लियरिङ्ग हाउसद्वारा सम्मानित .......१०
- बैंकको वित्तीय साक्षरता कार्यक्रमहरु ............१०
- हाम्रो सहकार्य र सम्झौता .............................११


## फोटोमा मुक्तिनाथ (Photo Archives)



मुस्ताङ, नेपालमा अवस्थित मुक्तिनाथ मन्दिर हिन्दू र बौद्ध धर्मावलम्बीहरूले श्रद्धा गर्ने एक पवित्र स्थल हो । समुद्र सतहदेखि ३,७१० मिटरको उचाइमा हिमालय क्षेत्रमा अवस्थित यो प्राचीन मन्दिर भगवान् विष्णुलाई समर्पित छ। यो मन्दिर १०८ धारा र अनन्त ज्वालाको लागि प्रसिद्ध छ, जसले पाँच तत्वहरूलाई प्रतीकात्मकता गर्छ। आध्यात्मिक मुक्ति र शान्त वातावरण अनुभव गर्नको लागि तीर्थयात्रीहरु मुक्तिनाथको भ्रमण गर्दछन् ।


**मुक्तिनाथ विकास बैंक**

**MUKTINATH BIKAS BANK**

"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

# हरित लगानी
## (Green Financing)

आजको दिनमा पृथ्वीले जलवायु परिवर्तनको विकराल समस्या सामना गरिरहेको छ । अनियन्त्रित रूपमा पृथ्वीको तापक्रम बढ्दा, ध्रुवीय बरफ पग्लिदै छ र समुद्रको सतह बढ्दैछ, जसले तटीय क्षेत्रहरुमा बाढी र कटान बढाएको छ । मौसम परिवर्तनले कृषि र खाद्य सुरक्षामा नकारात्मक प्रभाव पार्नुका साथै खाद्यान्नको उत्पादकत्व घटाएको छ, रोगब्याधि बढाउनुका साथै प्राकृतिक प्रकोपहरु जस्तैः आँधी, हुरी, बाढी, अनाबृष्टि, खडेरी आदि निम्त्याएको छ । यसले गर्दा समग्र पर्यावरणीय प्रणाली (Ecosystem) र जैविक विविधता संकटमा छ, भने धेरै प्रजातिहरु लोप हुने खतरामा छन् । जलवायु परिवर्तनले गर्दा हिउँले टम्म ढाकेका हाम्रै घर वरीपरीका हिमालहरुमा प्रत्येक वर्ष हिउँ घट्दै गइरहेको छ, नदीनालाहरु सुक्न थालेको छ र तापक्रम डरलाग्दो दरमा बढी रहेको छ, जसले गर्दा हाम्रो दैनिक जनजीवनमा समेत निकै असर पर्दै गइरहेको छ । गत हप्ता मात्रै, नयाँ दिल्लीमा अहिलेसम्मकै उच्च तापक्रम ५२.३ डिग्री सेल्सियस रेकर्ड गरियो फलस्वरूप त्यहाँको जनजीवन, स्वास्थ्य, कृषि र सामान्य दिनचर्यालाई निकै असर गरेको छ । उता माल्दिभ्सका सुन्दर टापुहरु समुद्रको सतह बढेको कारण डुब्ने जोखिममा छन् । अष्ट्रेलिया र क्यालिफोर्नियाको जङ्गलमा लागेको डढेलोदेखि गल्फ कोस्टमा आएको तीव्र आँधीसम्म, जलवायु परिवर्तनका संकेतहरु जताततै छन् । यसका आर्थिक र सामाजिक प्रभावहरु पनि गहिरा छन्। जस्तो कि पूर्वाधारमा क्षति, आप्रवासन, जनजीवनमा पार्ने प्रभावहरू आदि । अझ पृथ्वीको तापक्रम १ दशमलव ५ डिग्री भन्दा बढीले बृद्धि भएको खण्डमा यस धर्ती बस्नयोग्य हुनेछैन भनी बैज्ञानिकहरूले आँकलन गरेका छन् । साथै, जलवायु परिवर्तनले निम्त्याउने अन्य समस्याहरु निम्न अनुसार छन्:


- अनियमित मौसम र अनिश्चित वर्षाले कृषि उत्पादनमा कमी
- बाढी, खडेरी, हिमपहिरो, र आँधी-तूफान जस्ता प्रकोपहरुको संख्यामा वृद्धि
- वायु प्रदूषण, पानीको कमी, र अत्यधिक गर्मीले गर्दा श्वासप्रश्वास र अन्य स्वास्थ्य सम्बन्धी रोगहरुमा वृद्धि
- पशुपक्षी, जीवजन्तु, र वनस्पतिहरुको बासस्थान नष्ट हुँदा प्रजातिहरु लोप हुने सम्भावना
- समुद्री सतहको वृद्धि
- माटोको उर्वराशक्ति घटेर कृषि उत्पादनमा कमी
- स्वास्थ्य र जैविक सन्तुलनमा नकारात्मक असर
- जल स्रोतहरुको कमी, सुक्दो खोलानाला
- कृषि, पर्यटन, र उद्योगहरुमा आर्थिक क्षति आदि ।



यदि हामीले हाम्रो वातावरणको रक्षा गर्न महत्वपूर्ण कदमहरु चालेनौं भने, स्थिति अझ भयाभह हुनेमा कुनै दुईमत छैन। त्यसकारण, यसको बारेमा हामीले तत्काल केही गर्न आवश्यक छ अन्यथा हाम्रो जीवनमा यसका गम्भीर प्रभावहरु देखिन थाल्नेछन् । त्यसो हो भने के वातावरणीय ह्रास, बढ्दो तापक्रम, अनियन्त्रित जलवायु परिवर्तन आदिलाई रोकथाम गर्न हामीले केही गर्न सक्दैनौ त भन्ने प्रश्न उब्जिन्छ । वास्तवमा, यस्तो प्रतिकुल वातावरणीय अबस्थाको लागि मानवीय गतिबिधि नै सबैभन्दा बढी जिम्मेबार भएकाले हामीसँग एउटा अवसर के छ भने हामीले हाम्रा गतिविधिलाई सुधार्न सक्यौँ भने वातावरणीय असरलाई कम गर्न सक्छौँ । यसरी सोच्दा हामी, हाम्रो सन्तति र समग्र पृथ्वीको भबिष्यको छनौट हाम्रै हातमा छ । माथि भनिएझैं, वातावरणीय असरलाई कम गर्ने एउटा उत्तम उपाय हो - हरित लगानी (Green Financing), जुन हामीमध्ये धेरैलाई नौलो विषय हुनसक्छ ।

## हरित लगानी (Green Financing)

वित्तीय स्रोतहरूलाई वातावरण अनुकुल परियोजनाहरूमा गरिने लगानी योजनालाई हरित लगानी भनिन्छ । यसले बैंकिङ, वित्त, बीमा, लघवित्त जस्ता विभिन्न क्षेत्रहरूबाट वातावरणमैत्री परियोजनाहरूमा हुने वित्तीय प्रवाहमा वृद्धि गर्दछ । सरल शब्दमा भन्नुपर्दा, ग्रीन फाइनान्सिङ भनेको वातावरणमैत्री लगानी हो । यसमा हामीले कति पैसा कमाउन सक्छौं वा जोखिम बहन गर्छौं भन्ने कुरा मात्र नभई हाम्रा गतिबिधिले वातावरणलाई कस्तो असर गर्छ भन्ने कुराको ख्याल गरिन्छ । जस्तो कि, बैंक तथा वित्तीय संस्थाले पर्यावरण-मैत्री अभ्यासहरु लागू गर्ने व्यवसायहरूमा लगानी गरी त्यसलाई विभिन्न प्रकारका सहुलियतहरू दिन सक्छ । हरित लगानीले व्यक्ति र व्यवसायहरूलाई पूर्व जानकारी दिई वातावरणीय रूपमा सचेत गराई लगानीका निर्णयहरु गर्न प्रोत्साहित गर्दछ । यस भन्दा अझ बृहत आयामको रूपमा दिगो वित्तलाई मानिन्छ जसले वातावरणीय तत्वसहित सामाजिक तत्व र सुशासन समेतलाई समेट्छ (चित्र १ हेर्नुहोस)




चित्र १: दिगो वित्त र यसका प्रकारहरु

लगानीकर्ता वा व्यवसायीहरूले केवल वातावरणलाई लाभ हुन्छ भनेर मात्रै लगानी गर्दैनन् । तर, आफूले गर्ने लगानीले वातावरणलाई समेत फाइदा गर्छ भन्ने बुझाउन सके केही आर्थिक स्रोत थप्न उनीहरू तयार हुन्छन् । यसका लागि लगानी गर्नुपूर्व परियोजनाहरूको वातावरणीय जोखिम मूल्यांकन, वातावरणीय लेखापरीक्षण तथा वातावरणमा प्रभाव पार्न सक्ने असरको मूल्यांकनको महत्वबारे व्यवसायीहरूमा सचेतना जगाउनुपर्छ । जस्तो कि युनिलिभर जस्ता ठूला कम्पनीहरूले पैसा कमाउने मात्र होइन आफ्नो व्यवसायले वातावरण र समाजलाई कसरी असर गर्छ भन्ने कुराहरु पनि विचार गर्दै उत्पादनमा सुधार गर्दै आइरहेको छ । डच कम्पनीहरूले २०३० सम्ममा आफ्नो कार्बन उत्सर्जन लगभग आधा घटाउने वाचा गरेका छन् । स्वीडेनको "कार्बन कर" ले कम्पनीहरूलाई उनीहरूले गर्ने कार्बन उत्सर्जनको लागि शुल्क लगाउँछ जसले तिनीहरूको अर्थव्यवस्थालाई केही हानि नगरी, कार्बन उत्सर्जन २५% ले घटाएको छ । यसले हरित लगानी कत्तिको प्रभावकारी हुन सक्छ भन्ने दर्शाउँछ ।

## बैंक तथा वित्तीय संस्थामा Green Financing

एक थुकी सुकी, सय थुकी नदी भनेझैं एउटा संस्था मात्रैले भन्दा पनि सबै बैंक तथा वित्तीय संस्थाहरु मिलेर ग्रीन फाइनान्सिङ गरेको खण्डमा यसले वातावरणमा राम्रो प्रभाव पार्न सक्छ । एउटा प्रश्न बारम्बार उठ्ने गरेको छ, ग्रीन फाइनान्सिङले हाम्रो संस्थालाई के फाइदा हुन्छ ? जुन महत्वपूर्ण एवम् सान्दर्भिक छ । **ग्रीन फाइनान्सिङले बैंकहरूलाई उनीहरूको प्रतिष्ठा र ब्रान्ड मूल्य बढाएर, नियामक अनुपालन सुनिश्चित गरी कर्जा बिस्तार गर्ने नयाँ क्षेत्रहरु सिर्जना गरेर फाइदा पुऱ्याउँछ** । यसले वातावरण मैत्री लगानीका विकल्पहरु प्रदान गर्छ र बैंकको वित्तीय दिगोपनमा योगदान पुऱ्याउँछ । वास्तवमा भन्ने हो भने प्रतिकुल वातावरणमा कुनै पनि व्यवसायलाई फस्टाउन निक्कै गाह्रो पर्दछ । यसले व्यवसायको नगद प्रवाहलाई नकारात्मक असर गर्छ र त्यस्ता व्यवसायमा लगानी गर्ने बैंकको आम्दानीलाई असर गर्छ । अझ, यसलाई हामीले कसरी पनि बुझ्न सकिन्छ भने ग्रीन फाईनान्सिङ प्रतिफल वा लाभभन्दा माथि उठी वातावरण संरक्षणमा हाम्रो योगदानको रूपमा हेर्नुपर्छ । बैंक तथा वित्तीय संस्थाहरु आफैले प्रत्यक्षरूपमा वातावरण प्रदूषण नगरेपनि तिनीहरूले विभिन्न परियोजनामा गर्ने लगानीले वातावरण प्रदूषण गरिरहेका हुन्छन् । यसकारण पनि यी संस्थाले ग्रीन फाइनान्सिङ प्रवर्द्धन गर्नुपर्ने आवश्यकता देखिन्छ । हरित लगानीअन्तर्गत बैंकहरूले वातावरणीय प्रवर्द्धन गर्ने किसिमका नवीकरणीय ऊर्जा, सौर्य ऊर्जा, गोबरग्यास, सुधारिएको चुलो, प्रदूषण नियन्त्रण गर्ने मेसिन उत्पादन गर्ने कम्पनीहरु

तथा नेपाल Green Financing Taxonomy ले हरित मानेका आर्थिक क्षेत्रहरूमा लगानी गर्न सक्दछन् । यस्ता लगानीहरूले कार्बन उत्सर्जन घटाउन तथा स्वच्छ ऊर्जा विकल्पहरु प्रवर्द्धन गर्न मद्दत गर्छन जुन छोटो अवधिको लाभका लागि मात्र नभई दीर्घकालीन दिगोपनका लागि फलदायी हुने देखिन्छ ।

**हरित बैंकिङ (Green Banking)**

हरित बैंकिङ, हरित लगानी भन्दा विस्तृत आयाम हो । जसअन्तर्गत बैंकहरूले आफ्नो सञ्चालनको हरेक पक्षमा वातावरणमैत्री अभ्यासहरु अपनाउने प्रयास गर्दछन् । जस्तो कि, बैंकले आन्तरिक रूपमा वातावरणमैत्री वस्तु, सेवा र प्रविधिको प्रयोगमा जोड, वातावरणानुकुल अभ्यास जस्तै डिजिटल बैंकिङ, कागजको प्रयोगमा कमी, तथा प्रदूषण नियन्त्रक मेसिनहरूको प्रयोगमा जोड दिने कार्यहरू पर्दछन् । ग्रीन बैंकिङ अन्तर्गत आन्तरिक र बाह्य दुवै रूपमा हरित नीतिहरु तर्जुमा गर्ने, संस्थाको प्रत्येक तहमा वातावरणीय रूपमा सचेत निर्णय गर्ने कार्यहरु पर्दछन् । ग्रीन बैंकिङले दिगोपनसँग सम्बन्धित वित्तीय जोखिमहरूको मूल्यांकन र व्यवस्थापन गरी जोखिम मूल्यांकनलाई थप प्रभावकारी बनाउँछ । दिगोपनसँग सम्बन्धित जोखिमहरूलाई बेवास्ता गर्दा उच्च सञ्चालन लागत, वातावरण सम्बन्धी कानुनी कारबाहीहरु, क्रेडिट जोखिम र प्रतिष्ठामा हुने जोखिमहरु निम्त्याउन सक्छ । यसकारण, एकातिर बैंकहरूले आफ्ना लगानीको निर्णयमा वातावरणीय मूल्यांकन गर्नुपर्छ भने अर्कोतर्फ सञ्चालनको हरेक पक्षमा वातावरणमैत्री अभ्यासहरु अपनाउनुपर्ने आवश्यकता छ ।

**ग्रीन फाइनान्सिङमा मुक्तिनाथ विकास बैंकको पहल**

मुक्तिनाथ विकास बैंक आफ्नो ग्रीन फाइनान्सिङ इकाई मार्फत वातावरणीय रूपमा जिम्मेवार रणनीतिहरूलाई अंगीकार गर्न समर्पित छ । यो बैंक पर्यावरण मैत्री परियोजनाहरूमा लगानी गर्ने, हरित वित्तीय रणनीतिहरु सिर्जना गर्ने र कार्यान्वयन गर्ने, हरित पहलहरूलाई प्रोत्साहन गर्ने, आफ्ना नीतिहरु वातावरणमैत्री छन् या छैनन् भनी सुनिश्चित गर्ने, दिगो वित्तीय नियमहरूको पालना गर्ने, र वातावरणीय जोखिम व्यवस्थापनमा सुधार गर्ने कुरामा प्रतिबद्ध छ । बैंकले ग्रीन फाइनान्सिङ अन्तर्गत नवीकरणीय ऊर्जा परियोजनाहरु जस्तै घरेलु सौर्य विद्युत प्रणाली, लघु जलविद्युत परियोजना,सौर्य चुलो, सौर्य ड्रायर, सौर्य विद्युत पम्प, बायोग्याँस, सुधारिएको पानीघट्ट, सुधारिएको चुलो , वायु उर्जा, विद्युतीय सवारी साधनहरु , जलवायु-स्मार्ट तथा उन्नत कृषि जस्ता क्षेत्रमा ऋण प्रवाह गर्दछ । यस वाहेक हरित लगानीका नया क्षेत्रहरू जस्तै हरित आवास कर्जा, हरित यन्त्र तथा उपकरण कर्जा, हरित कृषि उपकरण कर्जा जस्ता कर्जाका क्षेत्रमा लगानी गरी प्रयाप्त ग्रीन पोर्टफोलियो बनाउने लक्ष्य रहेको छ । विकास बैंकमा अग्रणी स्थानमा रहेको यस बैंकले ग्रीन फाइनान्सिङ तथा अन्य दिगो पहलहरूमा पनि नेतृत्वदायी भूमिका निभाउनुका साथै यस बैंकको भावी रणनीति अन्तर्गत थप दिगो भविष्यका लागि विभिन्न क्षेत्र, अन्तर्राष्ट्रिय संस्था, सरकारी निकाय र गैरसरकारी संस्थाहरूसँग सहकार्य गरेर ग्रीन फाइनान्सिङलाई थप प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ ।



**ग्रीन फाइनान्सिङमा हाम्रो भूमिका**

ग्रीन फाइनान्सिङको प्रवर्द्धन गर्न हामीले व्यक्तिगत स्तरमा स-साना कदमहरु उठाउन सक्छौं । वातावरणमैत्री बानीहरु अपनाउँदै, ऊर्जा बचत गर्ने उपकरणहरु प्रयोग गर्ने, डिजिटल तथा अनलाइन कागजातहरूका प्रयोग गर्ने, प्रयोग नभएका बेला कम्प्युटर र अन्य इलेक्ट्रोनिक उपकरणहरु बन्द गर्ने, हरीत कोषहरूमा लगानी गर्ने, वृक्षारोपण वा सफाई अभियानमा भाग लिने, पुनः प्रयोगलाई प्राथमिकता दिने, दिगो यातायातका साधनहरु रोज्ने जस्ता साना तर प्रभावकारी उपायहरूबाट ग्रीन फाइनान्सिङलाई प्रोत्साहन गर्न सक्छौं । यस प्रकारको साना परिवर्तनहरूले ठूलो प्रभाव पार्न सक्छ र हाम्रो वातावरणलाई दीर्घकालीन रूपमा संरक्षित राख्न सकिन्छ । संयुक्त राष्ट्रसंघको ब्रुन्डल्यान्ड आयोगले भनेजस्तै वर्तमानको आवश्यकता पूरा गर्दै भविष्यका पुस्ताहरूको आवश्यकता पूरा गर्न सक्ने क्षमतालाई हानि नगर्ने हो भने हामीले अब दिगो वित्तीय अभ्यासहरु अपनाउनुपर्छ, जस्तै हरित प्रविधिमा लगानी र उत्तरदायी स्रोत व्यवस्थापन, ताकि भविष्यका पुस्ताहरूको लागि यो संसार बस्न योग्य रहोस् । त्यसकारण, अब समय आएको छ कि हामी सबैले आफ्नो व्यवहार र मानसिकतामा परिवर्तन ल्याउँदै, ग्रीन फाइनान्सिङलाई आत्मसाथ गरौं र पृथ्वीलाई हराभरा र स्वच्छ बनाइ राख्न सघाऔं ।



**प्रबिन कुमार काफ्ले**
हरित लगानी एकाई

मुक्तिनाथ दर्पण
अर्धवार्षिक बुलेटिन





## कन्चनपुरको कृष्णपुरमा वृक्षारोपण कार्यक्रम

मुक्तिनाथ विकास बैंक लि.ले सामाजिक उत्तरदायित्व अन्तर्गत कन्चनपुर जिल्लाको कृष्णपुरमा करिब १५० वटा कागतीका बिरूवाहरू वृक्षारोपण गरी हरियाली अभियानद्वारा वातावरणीय सन्तुलन तथा जलवायु परिवर्तन विरुद्ध लड्न योगदान पुऱ्याएको छ ।

उक्त वृक्षारोपण कार्यक्रम अन्तर्राष्ट्रिय वन दिवसको उपलक्ष्यमा आयोजना गरिएको थियो । सो कार्यक्रममा बैंकका कर्मचारीहरू, अभियानकर्ता तथा स्थानीय नगरबासीहरूको उपस्थिति रहेको थियो ।

## नेपाल प्रहरीसँग साझेदारी

मुक्तिनाथ विकास बैंक लि.ले प्रहरी प्रभाग बलम्बुलाई आधुनिक प्रविधिको प्रयोग गरी नगर थप सुरक्षित बनाउन ३ थान CCTV क्यामेरा र २ थान Go Pro क्यामेरा हस्तान्तरण गरेको छ ।



यो सहयोगबाट बैंकले सामाजिक उत्तरदायित्वलाई आत्मसाथ गर्दै, सबै क्षेत्रका नागरिकको हित हुने, अपराध नियन्त्रण र रोकथाममा केही सहयोग पुग्ने तथा सडक दुर्घटना न्यूनीकरणमा मद्दत पुग्ने विश्वास लिएको छ ।



# नारी शक्ति

आफ्नो जन्मघर र बाबुआमा छोड्दा
हुने पिडालाई भुलेर
कुनै अर्को अन्जान मान्छेलाई आत्मामा राखेर
आफ्नो सबै सर्वस्व उसैलाई मानेर
त्यो आँखामा खुसी ल्याउन सक्नु
केवल नारीले नै गर्न सक्छिन्

त्यो प्रसव पीडाले अत्याउदै गर्दा
डाक्टरले आफ्नो भर्खर जन्मेको
सन्तान हातमा राख्दिदै गर्दा
त्यो आँखामा खुसी ल्याउन सक्नु
केवल नारीले नै गर्न सक्छिन्

एउटा मान्छे आत्मामा राखी
अर्को मानवलाई सृष्टि गरी
उसलाई यस संसार देखाई
त्यो नवजीवन दिलाउन सक्नु
केवल नारीले नै गर्न सक्छिन्

घरको सबै दायित्व पुरा गरी
संस्थाको अरबौंको कारोबार
सम्हाल्दै छिन् सिइओ
आशा मरिसकेको मान्छेलाई
सर्जरी गरी नवजीवन दिदैं छिन् डक्टर
बिदेश हिंडेका ती यात्रुहरूलाई
सकुशल आफ्नो गन्तब्यमा
पुर्याइदिदै छिन् पाइलट
शब्दहरू बुनी भावहरू सृजित गरी
कालजयी किताब लेख्दै छिन् लेखीका,

त्यसैले,
नारी कुनै कुरामा कमजोर छैनन्
नारी विशाल छिन्,
नारी महान छिन्,
नारी शक्ति हुन् ।



सन्तोष भण्डारी
जमल शाखा

# EXPLORE WITH MUKTINATH





Mt. Machhapuchhare captured on the way to Mardi Himal

PC:
**Kamal Thada Magar**
(Dedgaun Branch)




A three-sided suspension bridge constructed on the Kali Gandaki river in Ridi, the confluence of Gulmi, Palpa and Syangja.

PC:
**Pradip Dangi**
(Luham Branch)



# EXPLORE WITH MUKTINATH





"Golden rays of the sunrise illuminate the path to Mardi Himal, casting a breathtaking glow over the serene landscape. "

PC:
**Prasanna Shrestha**
(Kamaladi Branch)





"Majestic view above the clouds on the journey to Aama Yangri Peak, capturing the breath-taking beauty of the Himalayas.".

PC:
**Kamal Puri**
(Liability Business Department)

# बैंक १८ औं वर्षमा प्रवेश, राष्ट्रिय आविष्कार केन्द्रलाई सहयोग साथै बृहत कार्यक्रमहरूको आयोजना




मुक्तिनाथ विकास बैंक लि.ले १७ औं वर्ष पार गरी १८ औं वर्षमा प्रवेश गरेको अवसरमा विभिन्न कार्यकमहरू गरेको छ । यसै अवसरमा बैंकले १० वर्ष भन्दा बढी सेवा गरेका १३५ जना कर्मचारीहरूलाई सम्मान गरेको थियो । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत महाबीर पुनद्वारा संचालित राष्ट्रिय आविष्कार केन्द्रलाई रू. ५ लाखको आर्थिक सहयोग गरेको छ । बैंकको क्षेत्रीय कार्यालयहरू र केन्द्रीय कार्यालयले खुल्ला रक्तदान कार्यकम पनि सञ्चालन गरेको थियो । उक्त कार्यकमबाट कुल १६६ पोका रगत संकलन गरेको थियो । यसका साथै, बैंकले क्षेत्रीय तथा शाखाहरू मार्फत नेत्रहीन व्यक्तिहरूलाई १०० थान सेतो छडी, विद्यार्थीहरूलाई छात्रवृत्ति, अनाथलय तथा वृद्धाश्रममा सामाग्री वितरण, डस्टवीन वितरण, वित्तीय साक्षरता तथा डिजिटल बैंकिङ्ग साक्षरताका कार्यक्रम, विद्यालयमा बस्ने डेस्क बेन्च सहयोग र विभिन्न संस्थालाई आर्थिक सहयोग गरेको छ ।

यसैगरी, उक्त समारोहमा अध्यक्ष श्री भरतराज ढकालले सदैव गुणस्तरीय सेवा प्रदान गर्दै अगाडी बढ्ने र विभिन्न वित्तीय तथा गैर वित्तीय सेवाको माध्यमद्वारा देशको अर्थतन्त्र र आवश्यकतामा योगदान दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । उक्त समारोहमा बैंकका वर्तमान सञ्चालकहरू, पूर्व सञ्चालकहरू, संस्थापक सेयरधनी, तथा बैंकको उच्च व्यवस्थापन र कर्मचारीहरूको उपस्थिति रहेको थियो ।








# नेपाल क्लियरिङ्ग हाउस द्वारा सम्मानित

नेपाल क्लियरिङ्ग हाउसद्वारा १५ औं वार्षिकउत्सवको उपलक्ष्यमा आयोजना गरेको एक कार्यक्रममा मुक्तिनाथ विकास बैंकलाई " विकास बैंक " समूहमा सर्वाधिक विद्युतिय कारोबार गर्ने (Highest Digital Transaction Amount Development Bank) विधाबाट सम्मानित गरेको छ । काठमाडौंमा भएको उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेलले सो पुरस्कार ग्रहण गर्नुभएको थियो ।




# बैंकको वित्तीय साक्षरता कार्यक्रमहरू

मुक्तिनाथ विकास बैंक लि.ले बैंकिङ्ग सेवाको विस्तार र प्रोत्साहनका लागि वित्तीय साक्षरता अभियान अन्तर्गत विभिन्न स्थानहरूमा बैंकिङ्ग साक्षरता कार्यक्रमहरू सम्पन्न गरेको छ ।

बैंकले कास्कीको पोखरा-३३ स्थित सरसस्वती टिका स्कूल र कैलालीको धनगढी-४ स्थित सिसिएस कलेजमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको थियो । उक्त कार्यक्रमहरूमा स्कूल र कलेजका विद्यार्थीहरू तथा शिक्षक, शिक्षकाहरूको सहभागीता रहेको थियो । त्यसै गरी बैंकले ललितपुरको इमाडोल-१ स्थित स्टार फुडल्याण्ड नजिकको परिसरमा र सुर्खेतको विरेन्द्रनगर-११ स्थित देउती बजै मन्दिर नजिक परिसरमा पनि वित्तीय साक्षरता कार्यक्रम सम्पन्न छ । उक्त कार्यक्रमहरूमा बैंकिङ्ग सेवा सुविधा, डिजिटल बैंकिङ्ग प्रविधि, बचत खाता लगायत बैंकिङ्ग क्षेत्रका विविध आयामबारे जानकारी गराइएको थियो । यस अभियानबाट स्थानीय तहमै वित्तीय सुविधा बारे चेतना तथा पहूँच पुऱ्याउने उद्देश्य बैंकले लिएको छ ।








# हाम्रो सहकार्य

यस विकास बैंकले विभिन्न संस्थाहरूसँग सहकार्य गरी आफ्ना ग्राहकहरूलाई थप सेवा, सुविधा र लाभ प्रदान गर्दै आइरहेको छ । ती सहकार्यहरू निम्न बमोजिम छन् ।

| क्र.सं. | अस्पताल तथा ल्याव | ठेगाना | छुट % |
|---|---|---|---|
| १ | सुक्र हाउस अफ डाएग्नोसिस एण्ड वेलनेस सेन्टर | पानीपोखरी, काठमाडौं | १०-१५ |
| २ | रामनगर सामुदायिक अस्पताल | सुनवल, नवलपरासी | ५-२० |
| ३ | कास्की मोडल अस्पताल | न्यूरोड, पोखरा | १२ |
| ४ | टेस्ला डाग्नोस्टिक क्लिनिक प्रा. लि. | वालुवाटार, काठमाडौं | १० |
| ५ | भिजन कर्नसन अप्टिकल एण्ड आई क्लिनिक | बौद्व, चाबहिल र लाजिमपाट, काठमाडौं | ५-२५ |
| ६ | एरोगिन हेल्थ एण्ड स्किन | बिशालनगर काठमाडौं | ४५ |
| ७ | चिरायु नेशनल हस्पिटल | बसुन्धारा, काठमाडौं | ५-१० |
| ८ | ब्लु क्रस हस्पिटल | त्रिपुरेश्वर, काठमाडौं | १२ |

| क्र.सं. | होटेल/ मनोरञ्न | ठेगाना | छुट % |
|---|---|---|---|
| १ | दृश्य लाउन्ज (Drishya Lounge) | नयाँ बानेश्वर, काठमाडौं | १५ |
| २ | मिराकी होलिस्टिक वोल्नेस् रिट्रिट | बुढानिलकण्ठ, काठमाडौं | १५ |
| ३ | द हिमालयन ग्रिल | सामाखुसी, काठमाडौं | १५ |
| ४ | डालो रेस्ट्रा | बसुन्धारा, काठमाडौं | १० |
| ५ | ल्यान्डमार्क होटेलस्, रिसोट एण्ड स्पा | पोखरा, काठमाडौं र चितवन | १५ |

# सम्झौता

| क्र.सं. | गैर-सरकारी संस्था | ठेगाना |
|---|---|---|
| १ | iDE Nepal | ललितपुर |
| २ | KfW, Germany for SEDRA II | जर्मनी |
| ३ | Dutch fund for Climate & Development (DFCD/SNV) | ललितपुर |

**सल्लाहकार**
गोविन्द बहादुर राउत

**सम्पादक**
नम्रता गौतम

**डिजाइन**
आभास खनाल

मुक्तिनाथ दर्पण अर्धवार्षिक बुलेटिनको लागि लेख, कविता, तस्विर वा अरूकुनै कन्टेन्ट प्रकाशनको लागि branding.ca@muktinathbank.com.np मा इमेल वा Branding and Corporate Affairs Department मा सम्पर्क गर्न अनुरोध गर्दछौं ।


मुक्तिनाथ विकास बैंक
MUKTINATH BIKAS BANK
“जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ”
अन्तर्राष्ट्रिय Online Payment
मुक्तिनाथ विकास बैंकको E-Comm Card
(Prepaid Dollar Card) मार्फत
सहजै गर्न सकिनेछ।
UPTO
$ 500
PER YEAR
*शर्तहरू लागू हुनेछन्
scan to know more
टोल फ्री नम्बर : १६६००१४९९९९